नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

(प्रशासन शाखा)

मानभवन, ललितपुर

पत्र संख्या: २०८२/२०८३
चलानी नम्बर:

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
ललितपुर

मिति:२०८२।११।१५
नेपाल सम्वत्:११४६, चिल्लाथ्व एकादशी

## होली पर्व मनाउने सम्बन्धी जरुरी सूचना।

मिति २०८२/११/१८ गतेको नेपालीहरुको महान चाड रंगहरुको पर्व फागु पुर्णिमा (होली) को उपलक्ष्यमा सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरुमा शुभकामना व्यक्त गर्दछौ।

ऐतिहासिक महत्व बोकेको साँस्कृतिक गौरवको यो पर्व सामाजिक सदभाव र भाइचारा कायम गर्दै सौहार्द एवम् सहिष्णु समाज निर्माण गर्न प्रेरक रहेको छ। विगतको तुलनामा हालैका वर्षहरुमा होली पर्व मनाउने नाउँमा अनावश्यक तडक भडक सहितका विभिन्न खर्चिला कार्यक्रमहरु हुने गरेको छ। सामाजिक व्यवहार (सुधार) ऐन तथा नियमावली, २०३३ ले धार्मिक, सामाजिक तथा साँस्कृतिक पर्वहरु मनाउने विषयलाई व्यवस्थित र नियमन गरेको विदितै छ। तसर्थ चाडपर्व मनाउने नाममा कसैको इच्छा विपरित रङ्ग लगाउने, लोला हान्ने, पानी तथा हिलो छ्याप्ने, नमेटिने रङ्ग लगाउने, मादक पदार्थ तथा नशालु पदार्थ खुवाउने एवम् मादक पदार्थ सेवन गरी सवारी साधन चलाउने, जिस्काउने, सार्वजनिक स्थानहरुमा हो-हल्ला गर्ने, चर्को आवाजमा बाजा (डिजे) बजाउने आदि जस्ता अवाञ्छित क्रियाकलापहरु तथा कुनै पनि व्यक्तिको निजी जीवनमा असर गर्ने खालका कार्यहरु नगर्न/नगराउन हार्दिक आव्हान गर्दै स्वास्थ्य सुरक्षाका मापदण्ड अपनाई पर्व मनाउनु हुन र फागुन २१ गते हुन गईरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनको पूर्व सन्ध्यामा होली (फागु) पर्व परेको हुँदा निर्वाचन प्रचारप्रसारका नाममा हुनसक्ने अवाञ्छित गतिविधि समेत ध्यानमा राखी होली पर्व मनाउनुहुन सर्वसाधारणको जानकारीको लागि यो सूचना जारी गरिएको छ। तसर्थ यस्ता अवाञ्छित क्रियाकलापहरु गरे/गराइएको पाईएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ।

२०८२/११/१५

(सुप्रभा खनाल ढुंगेल)
सहायक प्रमुख जिल्ला अधिकारी